| | | | | |
|---|---|---|---|---|
| श्रीहरिहर रौनियार वट्टु | २०८ | वट्टु | ६।३२१ | ५ |
| श्रीधनलाल श्रेष्ठ का. प. इ. बनेपा | ६०२ | का. प. इ. बनेपा | ० | ४ |
| श्रीगणेशबहादुर श्रेष्ठ का. प. इ. बनेपा धुलिखेल | ६०३ | " " " | ० | ३ |
| श्रीपूर्णराज सेंजु भ. पु. वोलाछे | ३१२ | भ पु. वोलाछे | १।८६ | ७ |
| दलबहादुर सेरबहादुर श्रेष्ठ बनेपा | १५ | बनेपाउखुटोल | ० | ३ |
| श्रीहीरालाल रौनियार वट्टु | २ ७ | वट्टु | ६।३२१ | मटानतला |
| श्रीशिवशङ्कर रौनियार मखन | २१२ | मखन | ६।३२६ | चोटाकोठा |
| श्रीमबहादुर श्रेष्ठ नरदेवी | ५३० | नरदेवी | ६।६२५ | ५ |
| श्रीरामेश्वरलाल इन्द्रचोक | ५०२ | इन्द्रचोक | ८।५४० | ४ |
| श्रीहीरालाल माडवारी ब्राह्मन " | ४६६ | " | ० | मटानतला |
| श्रीहनुमानप्रसाद माडवारी " | २०६ | " | ८।६०४ | ४ |
| श्रीरामकृष्ण श्रेष्ठ " | ५२७ | " | ८।५६० | ३ |

का. मु डाइरेक्टर,
सिभिल सप्लाइ विभाग

## सूचना

भारतबाट कोटाको रूपमा आउने १९५२ सनको ३०,००० गाँठ कपडा र १२,००,००० लाख मन नून हाम्रो भरमुलुकका जनताहरूले समानरूपबाट उपभोग गर्न पाउन भन्नाको लागि अघि भइरहेको जनसंख्याको आधारमा पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मको सबै जिल्लाहरूका जनताको सुविस्ताको ख्याल राखी ५ क्षेत्रमा विभक्त गरी प्रजातान्त्रिक शासनप्रणालीको महत्वको विचार राखी मनोपलीको रूपबाट एकै जनाले मात्र पाइआएको प्रथालाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

खारीज गरी धेरैले काम गर्न मौका पाउन् भन्नाको हेतुले कपडा, नूनमा ५।५ जना हांन्ड्लिंड एजेन्टबारे टेन्डर कल गर्नू भन्ने श्रीमाननीय उद्योग तथा वाणिज्यमन्त्रीज्यूबाट आदेश भई आएकोले सूचना प्रकाश गर्ने काम भएको छ। उल्लेखिएबमोजिमको पदार्थ निम्न लेखिएबमोजिमका शर्तहरूमा काम गर्न सक्ने उम्मेदवारले सरकारबाट प्रकाश गरिएको शर्तहरूमा ज्यादा ध्यान राखी भएमा आफ्नो आफ्नो व्यक्तिगत अन्य शर्तहरूसमेत प्रष्टरूपले खोली यही २००८ साल चैत्र १५ गतेभित्रसम्ममा रेलभाडाबाहेक अरू सबै रकमको खर्च र आफ्नो कमिशनबापतसमेत सैकडा ३ रुपैयाँभन्दा नबढाई सबभन्दा घटी के कतिसम्ममा काम गर्न सक्नुहुन्छ, दरखास्त लेखी खामबन्द गरी लाहाछाप लगाई खामको बाँयाँतर्फ यो पदार्थको हान्डलिंडएजेन्टको लागि भन्ने प्रष्ट लेखी हुलाकद्वारा रजिष्टरी गरी सिभिल सप्लाइज विभाग सिंहदरबारमा पठाउनुहोला। पदार्थपिच्छे पृथक् पृथक् दरखास्त दिनुपर्छ। रीतपूर्वक आएको दरखास्त सबै माननीय उद्योग तथा वाणिज्यमन्त्रीजीछेउ वा वहाँले खटाउनुभएको अधिकारिवर्गहरूको सामुन्ने खोली निस्पक्षरूपबाट जाँची सबभन्दा घटी कमिशनमा कबूल गर्नेलाई मात्र उपरोक्त पदार्थको हांडलिंड एजेन्ट नियुक्त गरिनेछ। घटी कमिशनमा कबूल गरे तापनि काम गर्न सक्ने माथबर अवस्थाउपर समेत दृष्टि राखी हांडलिंड एजेन्ट नियुक्त गर्नुपर्ने हुँदा श्रीमाननीय मन्त्रीजीबाट सो विषयको पनि राम्रो जाँचबूझ गरी हांडलिंड एजेन्ट मुकरर गरिनेछ। बेरीतको दरखास्तको र म्याद नाघी आएको दरखास्तहरूको केही कारबाई हुनेछैन। दरखास्तसाथ आएको टेन्डर फी काम पाए पनि नपाए पनि फिर्ता गरिनेछैन।

कपडा.—

[ १ ] जनसंख्याको आधारमा निम्न लेखिएका जिल्ला इलाकामा जाने बनाइ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एको क्षेत्र ५ को लागि ५ जवान हांडलिंङ एजेन्ट मुकरर गरिनेछ ।

[ २ ] क्षेत्र ५ को रूपरेखा :—

| क्षेत्र नं. | पैठारी गर्न पाउने गाँठ जिल्ला गौंडा र तदनुसारको गढंठ | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १नं. | इलाम | झापा | मोरंग | धनकुटा | भोजपुर | | |
| ४२८० | ४४३० | ३३० | ८०० | १८०० | ६२० | | |
| २नं. | महोत्तरी | सप्तरी | उदयपुर | सिंधुली | पूर्व ३ नं. | पूर्व २ नं. | |
| ५९६० | २१५० | १७०० | १६० | ३०० | ६०० | ७५० | |
| ३नं. | बारापर्सा | गौतहट | चिसापानी | चितबन | | | |
| ७००० | १३३० | ७६० | २४० | १३० | | | |
| | काठमान्डू | प. १ नं. | पू. १ नं. | प. २ नं. | | | |
| | १७६० | ११२० | ११७० | ४६० | | | |
| नं.४ | बुटौल | पाल्पा | प. ३ नं. | प. ४ नं. | तौलीहवा | | |
| ६०५० | ८३० | २२२० | १२६० | १२०० | ५१० | | |
| नं.५ | बाकेबर्दिया | सल्यान | प्यूठान | दैलेख | जुम्ला | | |
| ६५४० | ५४० | १७६० | ६१० | ६६० | ५७० | | |
| | डोटी | बैतडी | डँडेलधुरा | कैलाली | कंचनपुर | | |
| | ६७० | ३६० | १८० | २३० | | | |

२६८६०

[ ३ ] हांड्लिंङ् एजेन्टहरूपर लागू हुने शर्त र निजहरूले पालन गर्नुपर्ने नियमः—

[ क ] वार्षिक कोटा भएको कपडा गाँठ ३०,००० को मासिक आउने कपडा गाँठ २५०० मध्ये बम्बईको कपडा गाँठ १०००, अहमदबादको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०० मध्ये भारतबाट को १००० को दामासाहीले आफ्ना आफ्ना क्षेत्र-मा पर्नेजति जिल्ला गाऊँ सहरमा चल्ने सुहाउँदो बानाको कपडा कुनै हाल तमा पनि लाप्स हुन नपाउने गरी प्रत्येक मैन्हामा आफ्नो पूँजिले येक्स मिल प्राइसको मोलमा नबढाई माल उठाई तोकिएको इलाकामा पुर्‍याउन पाहिक पर्ने नजिकको इम्पोर्टर्सले तोकिदिएको वा यस विभागबाट सूचित गरेको रेलवे स्टेशन (रेलहेड) मा बुक गरी तोकिएजतिको पूरा माल पुर्‍याउनुपर्छ र बैंक वा आफ्नो आफिस मानिसद्वारा रुपैयाँ भुक्तानी लिई बिल्टी इम्पोर्टर-लाई बुझाइदिनुपर्छ ।

(ख) सो बिल्टी बुझाउन चलान भई आएको माल तोकिएको रेलस्टेशनमा पुग्ने-बित्तिकै तुरुन्त डिलेभरी लिन हुने गरी रिलिज अडर र मोमेन्ट सर्टिफिकेट-को समेत जो चाहिने बन्दोबस्त गरी प्रमाणित निस्सा लिने गरी इम्पोर्टरलाई कमसेकम ७ दिनको म्याद दिनुपर्छ । सो म्यादमा रुपैयाँ भुक्तानी नदिई बिल्टी लिन नसकी माल स्टेशनमा पुगेको ७ दिनसम्ममा पनि इम्पोर्टरले माल नछुटाएमा हांड्लिएजेन्ट आफले माल छुटाई इलाका गौंडा जिल्लाका अस्थानीय सरकार वटी र यस विभाग वटी कायम भएको रिटेलर्सलाई निज इम्पोर्टर्सले पाएका अधिकारबमोजिम कपडा बिक्री वितरणको निमित्त नियमबमोजिम दिन पाउँछ इम्पोर्टर्सले नउठाएको हांडलिएजेन्टले उक्त रीति-बमोजिम उठाएमा इम्पोर्टर्सको कमिशन सबै निज हांण्डालड एजेन्टले पाउने-छ । डिमारेज, गोदाम भाडा इत्यादि हर्जाना इम्पोर्टर्सको धरौटीबाट कट्टा गरी भराइनेछ । सो हर्जाना जनतामा बिक्री वितरण हुने कपडाको मोलमा इम्पोर्टर्सले कुनै प्रकारले जोड्न पाइनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ग ) हांएन्डलिंड एजेन्टले चाहिएमा इम्पोर्टर्सले पाउने कपडाको मोलको सयकडा १० रूपैयाँसम्म बना लिनसक्छ वा इम्पोर्टर्सले सैकडा १० बैना नदिई बैंक-मार्फत मार्जिनबाट काम गर्न खोजेमा सोबमोजिम गर्नुपर्छ । सो मार्जिन बैंकमा खुलाउनु र बैना लिन हरेक महीनाको १० दिन म्याद प्रमाणित निस्सा लिई इम्पोर्टरलाई दिनुपर्छ ।

( घ ) इम्पोर्टर्सबाट आडभान्स ( बैना ) पाएको महीना दिनभित्र निज इम्पोर्टर्सहरूले सूचना दिएबमोजिमको स्थानहरूमा कपडा बुक गर्नुपर्दछ। इम्पोर्टर्सले आड्भान्स हरएक मैन्हामाको १० दिनभित्रमा हान्डलिङ् एजेन्टले आफ्नु पुँजी लगाई आर्को १० दिनसम्मको म्याद् दिई उक्त १० दिन या २० दिनको ब्याज इम्पोर्टर्सबाट लिन पाउनेछ। तर थप १० दिनको म्यादसमेत नघाई इम्पोर्टर्सले बैना बट्टा नदिएमा ह्यान्डलिङ् एजेन्टले नै इम्पोर्टर्सको काम गर्नुपर्नेछ ।

( ङ ) घ दफाबमोजिम महीना दिनभित्र कपडा चलान गर्न अदृश्य कारणले वा ह्यान्डलिङ् एजेन्टको कामको त्रुटिले नभई अरू कारण परी चलान गर्न नपाएमा म्याद् थपिदिनेछ । तर त्यसको परिबन्ध सिभिल सप्लाइज विभागमा यथासमयमा सूचना पठाउनुपर्दछ ।

( च ) उक्त ख.घ. दफाबमोजिम मात्र ह्यान्डलिङ् एजेन्टले इम्पोर्टर्सको काम गर्न पाउनेछ । निजले अरू इम्पोर्टर्ससँग मिली वा अरूको नामबाट आफ्नो पूँजी लगाई इम्पोर्टर्सको काम गर्न पाउनेछैन ।

( छ ) टेन्डर दिंदा टेन्डरको साथ नोट रू. २००। दुइसयका दरले टेन्डर फि. दिनुपर्दछ ।

( ज ) हान्डलिंड एजेन्ट मुकरर भएपछि मुकरर भएको कागजपत्र पाउनुअगावै कबूलियत गरी निजले क्षेत्रअनुसार पाएका गाँठ पच्छे नोट रू. ।७।३ सात-आना तिनपाईका दरले फि. दिई लाइसेन्स लिनुपर्छ ।

२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) मुकरर भएको हांन्डलिङ एजेन्टले तीन महीनामा हिन्दूस्थानबाट चलान गर्न पाउने कपडाको प्रत्येक गाँठको नोट रु. १२ का दरले धरौटीवापत सिभिल सप्लाइज विभागका नाउँमा नेपाल बैंक वा सो बैंकको कुनै शाखामा वर्ष दिनको अचल डिपोजिट राख्नुपर्दछ र सो अचल डिपोजिटबाट आउने ब्याज निज हान्डलिङ एजेन्टले नै पाउनेछ । नेपाल बैंकमा राख्न असुविधा परेमा यस विभागमा धरौटी राखे पनि हुन्छ । उक्त ३ महीनाको कोटाको कपडा सो ३ महीनाको सुरूदेखि चार महीनाभित्र उठाई इम्पोर्टर्सले सूचना दिएको रेल्वेस्टेशनमा चलान गरी हिसाब सिभिल सप्लाइज विभागमा पेश नगरेमा आर्को ३ महीनामा निज हान्डलिङ एजेन्टले पाउने कपडाको प्रतिगाँठको नोट रु.१२ का दरले धरौट थप गर्नुपर्दछ र आर्को किस्ताको साथसाथै अघिल्लो किस्ताको बाँकी रहेको कपडाहरू सबै नेपालमा पैठारी गर्ने चलान गरिसक्नुपर्दछ ।

(ञ) हान्डलिङ एजेन्टले ठिकठिक समयमा कपडा उठाई इम्पोर्टर्सले सूचना गरेको रेलहेडमा कपडा चलान गर्न नसकेमा वा उठाउँदै नउठाएमा उक्त डिपोजिट जफत गरी हान्डलिङ एजेन्टबाट दर्खास्त गरी आइन्दालाई यस्तो काम नपाउने गरी हद गरिनेछ ।

(ट) हांन्डलिङ एजेन्टले आफू जुन क्षेत्रको निमित्त मुकरर भएको हो, सो स्थानका कमसेकम एक मुख्य जग्गामा आफिस खोल्नुपर्दछ ।

(ठ) यो हान्डलिङ एजेन्ट नियुक्त भएपछि नियमविरुद्ध र कसूर नगरेसम्म १ एक साललाई बहाल रहनेछ औ बनिरहेको नियम नीति परिस्थितिले आवश्यकताअनुसार अदल बदल गर्नुपरेमा सूचनाका साथ अदल बदल गरिनेछ ।

(ड) टेन्डरवालाले दरखास्तमा खुलाउनुपर्ने :—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( अ ) तीनपुस्ते नाम, थर, वतन ।

( आ ) अघिदेखि कपडाको काम गरिआएको हो वा होइन ? हो भने कुन किसिमबाट काम गरिआएको प्रमाण के छ ? गत ३ वर्षमा प्रति वर्ष कति व्यापार गरिआएको छ ?

( इ ) आफ्नो पसल वा कोठी छ छैन ? छ भने कहाँ कहाँ कस्तो किसिमको छ? पसल कोठी रजिष्टरी भएको हो वा होइन ? हो भने रजिष्टरी नम्बर खोल्ने ।

( ई ) सरहदीया वा विदेशी ?

( उ ) हैसियतका विशेष विवरण ।

नून:—

( १ ) जनसंख्याको आधारमा निम्नलेखिएका जिल्ला इलाकामा जाने बनाइएको क्षेत्र ५ को लागि ५ जना हॉन्डलिंड एजेन्ट मुकरर गरिनेछ ।

( २ ) क्षेत्रको रूपरेखा:—

| क्षेत्र नं. | जम्मा नून मन | जिल्ला गौडा र तत् तत् इलाकाले पाउने नून— | | | | | |
|---|---|---|---|---|---|---|---|
| नं. १ | | इलाम | झापा | मोरंग | धनकूटा | भोजपुर | |
| | १७८००० | १७०००। | १३०००। | ३२०००। | ८००००। | ३६००० | |
| नं. २ | | महोत्तरी | सप्तरी | उदयपुर | सिंधुली | पू. ३ नं | पू २ नं |
| | २३५००० | ८४०००। | ६७०००। | ८०००। | १२०००। | ३५०००। | २६००० |
| नं ३ | | बारापर्सा | रौतहट | चितवन | चिसापानी | काठमाडौं | |
| | २७५००० | ५१०००। | ३१०००। | ५०००। | ६०००। | ७१०००। | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

| | | |
|---|---|---|
| प. १ नं. | पू. ३ नं. | प. २नं. |
| ९४०००। | ४६०००। | १८००० |

| | | | | | |
|---|---|---|---|---|---|
| नं. ४, २३७००० | बुटौल | पाल्पा | प. ३ नं. | प. ४ नं. | तौलिहवा |
| | ३३०००। | ८७०००। | ५००००। | ४७०००। | २०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| नं. ५, २५२००० | बाँकेवर्दिया | सल्यान | प्यूठान | दैलेख | जुम्ला |
| | २१०००। | ७०००। | ३२०००। | ३६०००। | २२००० |
| | डँडेलधुरा | कैलालीकंचनपुर | डोटी | बैतडी | |
| | ७०००। | ६०००। | ३८००० | १४००० | |

(३) हान्डलिन्ड एजेन्टउपा लागू हुने शर्त र निजहरूले पालन गर्नुपर्ने नियमः—

[क] बार्षिक कोटाको भएको नून मन १२,००,००० मध्ये कलकतिया नून मन ६,००,०००, धरनधरा ५,००,०००, साबरको १,००;००० को दामासाहीले आफ्ना आफ्ना क्षेत्रमा पर्नेजति मासिक वा ३ महीनाको किस्ता गरी कुनै हालतमा पनि लाप्स हुन नपाउने गरी आफ्नै पूँजीले कन्ट्रोल मोलमा नबढाई माल उठाई तोकिएको इलाकामा नून पुर्‍याउन पाहिक पर्ने नजिकको मुकरर भएको इम्पोर्टर्सले तोकिदिएको वा यस विभागबाट सूचना गरेको रेल्वे स्टेशन [रेलहेड] मा बुक गरा तोकिएजतिको पूरा नून पुर्‍याउनुपर्छ रे बैंक अथवा आफ्नु आफिस मानिसद्वारा रूपैयाँ भुक्तानी लिई बिल्टी इम्पोर्टरलाई बुझाइदिनुपर्छ।

(ख) यसमा टेन्डरको साथ नोट रू ४० टेन्डर लिराख्नुपर्छ।

(ग) डान्डलिंड एजेन्ट मुकरर भएपछि कागतपत्र पाउन अगावै कबूलियत गरी नून मन १००० को नोट रू ३ रूपैयाँका दर्बे लाइसेन्स फि दिई लाइसेन्स लिनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नूनको मोलको सैकडा ३ का दर्ले भरोट कपडामा भएको ३ दफा-को देहायका (झ) दफाबमोजिम गरी राख्नुपर्छ ।

(ङ) वर्षादको समयको ३ महीनाको किस्ता अघि वा पछिको किस्ता सँगै ल्याएमा वाधा गरिनेछैन ।

(च) अरु कपडामा भएको ३ दफा देहाय (ख) (ग) (घ) (ङ) (च) (ञ) (ट) (ठ) (ड) दफा यसमा पनि कायम भएको छ सोहीबमोजिम दरखास्तमा खुलाउने र शर्त नियम पालन गर्नुपर्छ ।

का. मु. डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

## सूचना ! सूचना !! सूचना !!!

जिल्ला जिल्लामा बस्ने नेपाली नागरिकहरूले फर्म ट्रेडमार्क डिजाइन पेटेन्ट रजिष्टर गर्ने काममा जिल्ला गोस्वारामार्फत मात्र कारवाई गर्ने गराउने चलन भई आएकोले अनावश्यक झन्झट र खास गरेर राजधानीमा आइसकेका जिल्लाका वासिन्दाहरूलाई विशेष तकलीफ पर्नेभएको बुझिएकोले अबउप्रान्त यसबारे कार-वाई गर्दा जिल्ला गोस्वारामार्फत मात्र नगरी यहाँ रहनेवाला सरकारी ग्याजेटेड अफिसर वा सो सरहका दर्जासम्मले दरखास्तवाला नेपाली नागरिक हो भनी साक्षी बसि-दिएमा कानूनबमोजिम रजिष्टर हुनसक्ने भएकोले यो सूचना प्रकाशित गर्ने काम भएको छ ।

का. मु. डाइरेक्टर,
उद्योग वाणिज्यविभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।